# राष्ट्रिय चिया तथा कफी बिकास बोर्ड

# नीति तथा कार्यक्रम



राष्ट्रिय चिया तथा कफी बिकास बोर्ड

२०४९

# राष्ट्रीय चिया तथा कफी विकास वोर्ड

(आ.ब.२०५०।०५१)

१. चिया तथा कफी सम्वन्धि नीति तर्जुमा:-

राष्ट्रिय चिया तथा कफी विकास बोर्डको स्थापना र व्यवस्था गर्न बनेको ऐनमा चिया तथा कफी विकास सम्वन्धि नीति तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने उद्देश्य राखिएको परिप्रेक्षमा बोर्डले चिया क्षेत्रको "नीतिगत टेवा" सम्वन्धी प्रस्ताव पास गरी श्री ५ को सरकारमा निर्णयार्थ पेश गरिसकेको छ। कफी क्षेत्रको विकासका लागी राष्ट्रिय स्तर कै नीतिको अभाव छ। बोर्डले कफी क्षेत्रको बिकासको लागि "राष्ट्रिय नीति" तर्जुमा सम्वन्धमा सम्बन्धित व्यक्ति संघ संस्थाहरुसंग परामर्श गरी श्री ५ को सरकारलाई सुझाव दिइने छ। साथै चालु नीतिहरुको प्रचार प्रसार र कार्यान्वयन पक्षमा जोड दिई नीजिस्तरको सहभागीतामा बृद्धि गर्दै लैजाने वातावरण तयार पार्नका लागि नीतिहरु संकलन गरी प्रकाशन गरिने छ।

२. चियाको गुणस्तर निर्धारण तथा नियन्त्रण:-

चियाको गुणस्तर परिक्षण विना नै वजारमा विक्री वितरण गर्ने विद्यमान व्यवस्थाबाट निम्नस्तरका र अस्वास्थकर चियाहरु पनि बजारमा भेटिएको गुनासो उपभोक्ताहरुको भएकोले चिया उत्पादन, आयात र विकी गरिदा गुणस्तर परिक्षण अनिवार्य रुपमा गरिनु पर्ने व्यवस्थाको लागि यस बोर्ड र खाद्यवस्तु गुण नियन्त्रण तथा स्तर निर्धारण शाखाको समन्वयमा केही प्रयासहरु भएका छन्। चिया आयात गर्दा भंसार नाकाहरुबाटै नमुना संकलन गरी गुणस्तर परिक्षण अनिवार्य रुपमा गरिनु पर्ने व्यवस्था शुरु गरिएको छ। मुलुक भित्र उत्पादित चियाको पनि नियमित परिक्षणको लागि निजी तथा सरकारी बगानको सम्पूर्ण ब्राण्डहरुलाई समेटन सकिने गरी परिक्षणको व्यवस्था मिलाइएको छ। यस प्रकृयालाई चियाको " गुणस्तर बर्गिकरण" समेत गर्न सकिने गरी आवश्यक सुधार गर्न पर्ने भएकोले अन्य मुलुकहरुमा प्रचलित " परिक्षण विधिको" अध्ययन गरी परिक्षण प्रकृयामा सुधार गरिने छ।

### ३. चियाको विक्री प्रणालीमा सुधार:-

नेपाल चिया विकास निगमवाट उत्पादीत चिया विभिन्न व्राण्डहरुमा र लुज रुपमा व्यापारीहरुका साथै उपभोक्ताहरुलाई सिधै तथा सीमित व्यापारीहरुमात्र सामेल भएको वढावढ प्रथा (Auction) का आधारमा विक्री हुने गरेको छ । नीजि क्षेत्रले केताहरुसंग सोझैं नेगोशियसन गरी विभिन्न व्राण्डहरुमा र लुजमा व्यापारीहरुलाई र खुद्रा रुपमा सोझै उपभोक्ताहरुलाई चिया बिक्री गर्दै आएका छन । यस्तो बिक्री प्रणालीले गर्दा सरकारी र निजी क्षेत्रहरुवाट उत्पादीत चियाहरुका बिच "खुला प्रतिस्पर्धा" हुन नसकि एकातिर उत्पादकले पाउनु पर्ने चियाको अधिकतम मुल्य पाउन सकेका छैनन भने अर्को तर्फ उपभोक्ताहरु उचित गुणस्तरको चिया उपभोगवाट वन्चीत रहन परेको छ ।

सरकारी , निजी र साना किसानस्तरवाट उत्पादीत चियाको अधिकांश माग "प्रतिस्पर्धात्मक खुला" वढावढ (Auction) बिक्री प्रणालि अपनाइ बिक्री गर्ने व्यवस्था भएमा गुणस्तरमा सुधार हुनुका साथै उचित मुल्य समेत कायम हुन सक्ने हुंदा चिया विक्री प्रणालीमा आवश्यक सुधारका लागि यस क्षेत्रमा संलग्न व्यापारी संघ, संस्थाहरु संग राय सुझाव लिई सकिएको छ ।

उक्त सुझावहरुका आधारमा चिया बिक्री प्रणालीमा सुधार गरी वढी प्रतिस्प्रर्धात्मक बिकी प्रणालि अपनाउनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

### ४. निकासी प्रवर्द्धन:-

नेपालको पहाडी क्षेत्रहरुमा उत्पादन हुदै आएको " अर्थोडक्स चिया" को अर्न्तराष्ट्रिय वजारहरुमा समेत माग छ । निजी क्षेत्रका व्यापारीहरुले आफ्नो व्यक्तिगत प्रयास र सम्पर्कहरुका आधारमा अर्न्तराष्ट्रिय बजारमा निर्यात गर्दै आएका छन । नेपालवाट समुद्रपार मुलुकहरुमा हुदै आएको चियाको निकासी परिमाण भने न्यून रुपमा छ र यसको वृद्धिमा पनि खास प्रगति भएको छैन । यसको मुख्य कारण चिया निर्यात कर्ताहरुलाई अर्न्तराष्ट्रिय वजार वारे सूचनाहरु उपलब्ध गराउने संस्थागत माध्यमको अभाव हुनु हो । राष्ट्रिय चिया तथा कफी विकास वोर्डले नेपाली "अर्थोडक्स"

चियाको निर्यात सम्वन्धमा हाल सम्मको स्थिति वारे आवश्यक आधारभुत जानकारीहरु संकलन गरि सकेको छ ।

समुद्रपार बजारहरुमा चियाको मूल्य, माग, परिमाण, गुणस्तर, शर्त सुविधाहरु, र अन्य वजार सुचनाहरु आधुनिक संचार बिधि मार्फत संकलन र निर्यातकर्ताहरुलाई प्रवाह गर्ने कार्य गर्नका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

५. साना किसान चिया बिस्तार आयोजना :-

अफ्रिकाको केन्यामा साना साना क्षेत्रमा कृषकहरुले चिया खेती गरे झैं नेपालमा चिया खेती हुने संभाव्य पहाडी इलाकामा चिया रोपण गरी साना किसान स्तरमा चिया खेतीको सुरुवात इलाम जिल्लाको पूर्वी भाग कन्याम क्षेत्र वरिपरी २०३५ र २०३६ सालमा ८ जना कृषकहरुबाट ७९ हेक्टरमा कृषक स्तरमा चिया रोपण प्रारम्भ भयो ।

आ.व. २०३९।०४० देखि साना किसान स्तरमा चिया खेतीको सुनियोजित विस्तार गर्दै लैजान अधिराज्यको पूर्वी पहाडी जिल्लाहरु इलाम, पांचथर, तेन्हथुम र धनकुटाको ६ स्थानहरुमा साना किसान चिया बिस्तार आयोजना संचालन गरिएको छ । श्री ५ को सरकारको आर्थिक अनुदानबाट नेपाल चिया विकास निगमको व्यवस्थापनमा आयोजनाहरु संचालित हुदै आएका छन् । निगम आफ्नो बगानहरु विस्तारको व्यापारीक कार्यमा वढी केन्द्रित भइ प्रवर्द्धनात्मक कार्यमा निगमले उचित ध्यान पुऱ्याउन नसकेको र केही वर्षहरु देखि श्री ५ को सरकारबाट यस आयोजनाको लागि प्रर्याप्त अनुदान विनियोजित नहुंदा आयोजना उद्देश्य अनुरुप प्रगति हुन सकेन ।

चालु आ.व. २०५०।०५१ देखि आयोजनाहरु राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट संचालन गरिने छ । आठौं पंच वर्षिय योजना अवधिमा ९१४ कृषकहरुबाट ७३५० रोपनी क्षेत्रफलमा चिया खेती विस्तार गर्ने कार्यक्रम तर्जुमा भएको छ । उक्त पंच वर्षिय कार्यक्रमको आधारमा आ.व. २०५०।०५१ मा साना किसान चिया विस्तार आयोजनाको माध्यमवाट १७३ कृषकहरुलाइ १३९५ रोपनी क्षेत्रफलमा चिया खेती बिस्तार गर्न प्रोत्साहन गरिने छ । चिया खेतीमा कृषकहरु आत्मनिर्भर भए पछि स्थानिय कृषकहरु कै सकृय सहभागीतामा सहकारीताको माध्यमबाट सो आयोजनाहरु संचालन

गराउने लक्ष्य राखिएको छ। यसको लागि सहकारी बोर्ड र रा.चि. तथा क.बि.बोर्ड वसी आ.व. २०५०।०५१ मा समयवद्ध कार्यक्रम तर्जुमा गरिने छ।

## ६. चियाको अनुसन्धान:-

चिया खेती र प्रशोधन सम्वन्धि अनुसन्धान गरी उपयुक्त प्रविधिको विकास गर्ने परिपाटीको अभावले गर्दा नेपाली चियाको उत्पादकत्व अन्य मुलुकहरुको तुलनामा ज्यादै कम छ। चालु आ.व.०५०।०५१ देखि चिया अनुसन्धान कार्य नेपाल कृषि अनुसन्धान परिषदबाट गर्ने निर्णय भइसकेको छ। यस राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ने.चि.वि.निगम र नेपाल कृषि अनुसन्धान परिषद मिलेर चियाको उन्नत बिउ बिजन र प्रशोधनको उपयुक्त प्रविधिहरुको विकासका लागि " अनुसन्धान कार्यक्रम " कार्यान्वयन शुरु गरिने छ।

## ७.चिया क्षेत्रको मुल्यांङ्कन र अनुगमन:-

चिया क्षेत्रको " मुल्यांङ्कन तथा अनुगमन" गर्ने कार्य गत वर्ष सम्म" "नेपाल चिया विकास निगम" बाट कार्यान्वित कार्यक्रममा मात्र सिमित रहेको थियो।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन २०४९ अनुसार चिया क्षेत्रको मुल्यांङ्कन एव अनुगमन कार्य यस बोर्डको कार्यक्षेत्र भित्र परेको छ। यस कार्यमा निजी, सरकारी र साना किसान स्तरलाई समेत समेटेर प्रभावकारी रुपमा सम्पादन गर्न बोर्डले निजी क्षेत्र समेतको कार्यक्रमको मुल्यांङ्कन तथा अनुगमन गर्ने परिपाटी बसालेको छ। यस अनुगमन तथा मुल्यांङ्कन कार्यलाई बोर्डले नियमित तथा प्रभावकारी बनाउने प्रयास गर्नेछ।

## ८. चिया तथ्याङ्क संङ्कलन, विश्लेषण र प्रकाशन:-

"राष्ट्रिय चिया तथा कफी विकास बोर्डले" चिया तथा कफी सम्वन्धि राष्ट्रिय स्तरको जानकारीहरु प्रवाह गर्ने कार्यलाई प्राथमिकता दिएको छ। निजी, सरकारी र साना कृषक स्तरमा चिया खेतीको क्षेत्रफल, उत्पादन, निर्यात, आयात बित्तिय संस्थाको

लगानी आदी तथ्याङ्कहरु संकलन र विश्लेषण गरी प्रकाशनको लागि तयार पारी सकिएको छ। कफी क्षेत्रको आधारभुत तथ्याङ्कको अभाव रहेको हुंदा बोर्डवाट कफी क्षेत्रको तथ्याङ्क संकलन गर्ने कार्य पनि शुरु गरेको छ।

९. चिया विकास आयोजना :-

चिया क्षेत्रको विस्तार तथा प्रवर्द्धन गर्ने विदेशी दातृ संस्थाहरुको सहयोग जुटाउने क्रममा एशियाली बिकास बैंक्ले प्रस्तावित " चिया बिकास आयोजना" लाई सहयोग जुटाउने तर्फ कारवाही शुरु भएको छ। एशियाली विकास बैंक र श्री ५ को सरकार विच विभिन्न चरणहरुमा वार्ता हुदै गरेको र सो बैंकको सहयोगमा संचालन हुने "प्रस्तावित आयोजनाको" संझौता गर्ने प्रकृयाहरुमा राष्ट्रिय चिया तथा कफी बिकास बोर्ड संलग्न रही आवश्यक कार्य गर्ने छ।

चिया तथा कफी क्षेत्रका लागि प्राप्त हुन सक्ने अन्य दुईपक्षिय र बहुपक्षिय सहायता सम्वन्धमा बोर्डले सम्वन्धित अन्तर्राष्ट्रिय निकाय र सरकारसंग श्री ५ को सरकार मार्फत सम्पर्क स्थापित गर्ने छ।

१०. राष्ट्रिय स्तरको गोष्ठीको संचालन:-

चिया क्षेत्रको बास्तविक स्थिति, समस्याहरु, र भविष्यमा श्री ५ को सरकारबाट अपनाउनु पर्ने नीतिहरु बारे सम्वन्धित क्षेत्रहरुबाटै जानकारी एवं राय सुझावहरु संकलन गर्ने आवश्यक छ। चिया क्षेत्रमा संलग्न कृषक, उद्योगपति, व्यापारी र अन्य निकायका व्यक्तिहरु भेला गराइ एक "राष्ट्रियस्तरको गोष्ठी" संचालन गरिने छ। सो गोष्ठीबाट प्राप्त राय सुझाव र अन्य निष्कर्षलाई चिया क्षेत्रको निति तर्जुमा कार्यमा प्रतिविम्बित गराइने प्रयास गरीनेछ।

११. पुर्वाधार निर्माण:-

पहाडी जिल्लाहरुमा चिया खेती छरिएर रहेको छ। चिया खेतीका लागि उत्पादन

सामाग्रीको व्यवस्था र उत्पादीत चिया समयमा नै संकलन गरी प्रशोधन इकाई र वजार सम्म आपूर्ति गर्ने पूर्वाधारको रुपमा सडक - यातायातको निर्माण नितान्त आवश्यक छ। सिमा क्षेत्रहरुमा उत्पादीत हरियो चिया यातायात सुविधाको अभावले गर्दा सिमापारी वजारहरुमा पनि बिक्री हुने गर्दछ। चिया विस्तारको प्रमुख पुर्वाधार र सडक यातायातको एकै पल्ट निर्माण गर्न ठूलो रकमको आवश्यकता पर्ने हुंदा क्रमश सडक निर्माण गराउदै लग्ने कार्यक्रम रहेको छ। सोही अनुसार चालु आ.व. ०५०।०५१ मा वरबोटे देखि छिरुवा सम्मको १४ कि.मि. सडक स्थानिय सहभागीता र जि.वि.स. इलामबाट निर्माण कार्य गर्न आवश्यक कार्यक्रम र वजेटको व्यवस्था गर्न राष्ट्रिय चिया तथा कफी बिकास बोर्ड मार्फत स्थानिय बिकास मंत्रालय र जि.वि.स. इलामलाई अनुरोध गरिएको छ। यस वर्षको इलाम जि.वि.स.का. कार्यक्रममा उक्त सडक निर्माण समावेस गराइ कार्यान्वित गर्ने तर्फ कारवाही भइरहेछ।

१२. संभाव्यता अध्ययन:-

चिया खेतीको विस्तार गर्ने उपयुक्त स्थानहरुको छनौट गरी त्यस्ता स्थानहरुका कृषकहरुलाई चिया खेती तर्फ आकर्षित गर्दै चिया खेती विस्तार गरिने छ। श्री ५ को सरकारको वन जंगल क्षेत्र र खेर गइ रहेका ऐलानी जग्गाहरु चिया खेती गर्नको लागि लामो अवधिको लिजमा जग्गा वितरण गर्ने नीति रहेको छ। चालु आ.व. २०५०।०५१ मा इलाम र पांचथर जिल्लाहरुका यस्ता संभाव्य क्षेत्रहरुको पहिचान गरी सहकारी बोर्डलाई समेत संलग्न गराई चिया खेती विस्तार तर्फ प्रयासहरु सुरु गरिने छ।

१३. नेपाल चिया विकास निगमलाई निजीकरण:-

श्री ५ को सरकारको स्वामित्वमा रहेका संघ-संस्थानहरुलाई निजीकरण गर्दै लग्ने नीति अनुरुप ने.चि.वि.नि.लाई निजीकरण गर्ने क्रममा भएको काम कारवाहीहरुमा यस बोर्डले सहयोग गर्दै आइरहेको छ। श्री ५ को सरकार मन्त्रि परिषदबाट चिया विकास निगमलाई शेयर बिक्रीको प्रकियाद्वारा निजीकरण गर्ने निर्णय भै सकेको छ। सो निर्णय अनुसार निगमको सम्पूर्ण जायजेथाको मुल्याङ्कन गरी ५१ प्रतिशत भन्दा बढी शेयर चिया उद्यमी व्यापारी वर्गमा (नीजि क्षेत्रलाई) विक्री गर्ने र बांकी शेयर निगमका मजदुर, कर्मचारी चिया खेतीमा संलग्न सहकारी संघ-सस्थाहरु, चिया उद्यमीहरु र सर्व साधारण

जनतालाई विक्री गरिने छ। नीजीकरण कार्य शिघ्रातिशिघ्र सम्पन्न गर्न तोकिएको कृषि मंत्रालय र अर्थ मंत्रालयको निजीकरण इकाईलाई आवश्यक जानकारीहरु उपलव्ध गर सहयोग उपलव्ध गरिने छ।

## १४. चिया प्रसार र पुस्तिका:-

" चिया नर्सरी र खेती " सम्वन्धमा आवश्यक प्राविधिक ज्ञानको सम्पूर्ण पक्षहरु प्रसार सेवाका माध्यमबाट कृषक स्तरमा दिलाउने उद्देश्य राखी " चिया प्रसार " पुस्तिका राष्ट्रिय चिया तथा कफी विकास बोर्डले तयार गरी सकेको छ। उक्त पुस्तिका सम्वन्धमा सम्वन्धित विशेषज्ञहरुबाट परामर्श लिई यसै आ.व. भित्र प्रकाशन गरिने छ।

## १५. चिया नर्म्सको (Norms) पुनरावलोकन:-

चिया खेतीमा ऋण प्रवाहको लागि कृषि विकास बैंकवाट लागु गरीएको चिया नर्म्सलाई पुनरावलोकन गरी कृषकहरुलाई आवश्यक ऋण सुविधा उपलव्ध हुन सक्ने गरी पुनरावलोकन गरिने छ। तराई क्षेत्र र पहाडी क्षेत्रहरुको लागी वेग्ला वेग्लै चिया खेती नर्म्स तयार पारिने छ।

## १६. सेस संकलन:-

यस बोर्डको देनिक कार्य संचालनमा श्री ५ को सरकारलाई पर्ने व्ययभार कम गर्न र चिया क्षेत्रमा संलग्न निकायहरुलाई बोर्ड प्रति दायित्व वोध गराइ सहभागिता समेत जुटाउन आ.व. २०५०।०५१ सम्ममा सेस संकलनको लागि आवश्यक पूर्वाधार पुरागरी आउदो आ.व. देखि सेस संकलन कार्य शुरु गरिने छ।

# राष्ट्रिय चिया तथा कफी बिकास बोर्डको संगठनात्मक ढांचा



# राष्ट्रिय चिया तथा कफी बिकास बोर्ड

## संगठनात्मक ढांचा र स्वीकृत जनशक्ति

**राष्ट्रिय चिया तथा कफी बिकास बोर्ड**

**केन्द्रिय कार्यालय, काठमाण्डौ**

१. कार्यकारी निर्देशक - विशिष्ट १ जना
२. उपनिर्देशक - अ. द्वितिय - १ जना
३. अधिकृत - अ. तृतिय- २ जना
४. सहायक - स. प्रथम- ३ जना
५. सहायक- स.द्वितिय - १ „
६. सहायक-स. तृतिय - १ „
७. सहायक-स.पंचम - २ „
जम्मा ११ जना

**शाखा कार्यालय झापा,**

१. अधिकृत- अ.तृतिय १
२. सहायक - स.प्रथम १
३. सहायक - स.तृतिय १
४.सहायक - स. पंचम १
जम्मा - ४ जना

**चिया विकास कार्यालय, इलाम**

१. अधिकृत- अ. द्वितिय- १ जना
२. सहायक - स.प्रथम- १ „
३. सहायक - स.द्वितिय- १ „
४. सहायक -स. तृतिय १ „
५. सहायक - स.चतुर्थ १ „
६. सहायक - स. पंचम १„
जम्मा- ६ जना

| फिक्कल सेवा केन्द्र इलाम | मंगलवारे सेवा केन्द्र इलाम | जसबिरे सेवा केन्द्र इलाम | हिले सेवा केन्द्र धनकुटा | सोल्मासेवा केन्द्र तेन्हथुम | लालीखर्क सेवा केन्द्र पांचथर |
|---|---|---|---|---|---|
| १. अधिकृत तृ.- १ जना | १. अधिकृत तृ.-१ जना | १. अधिकृत तृ.- १ जना | १. अधिकृत तृ.- १ | १. अधिकृत तृ.- १ जना | १. अधिकृत तृ.- १ जना |
| २. सहायक प्र. -२ „ | २. सहायक प्र.-२ „ | २.सहायक प्र.- १ „ | २. सहायक प्र.- १ | २.सहायक प्र. - १ „ | २. सहायक प्र.- १ „ |
| ३. सहायक द्वि.- १ „ | ३. सहायक द्वि.-२ „ | ३. सहायक द्वि.- १ „ | ३. सहायक द्वि.- २ | ३.सहायक द्वि. - १ „ | ३. सहायक द्वि.- १ „ |
| ४. सहायक च.- १ „ | ४. सहायक तृ.-१ „ | ४. सहायक च.- १ „ | ४. सहायक तृ.- १ | ४.सहायक तृ. - १ „ | ४. सहायक च.- १ „ |
| ५. सहायक पं.- २ „ | ५. सहायक च.-१ „ | ५. सहायक पं.- १ „ | ५. सहायक च.- १ | ५.सहायक च. - १ „ | ५. सहायक पं .- १ „ |
| | ६. „ पं -१ „ | | ६. सहायक पं- १ | ६.सहायक पं - १ „ | |
| जम्मा ७ जना | जम्मा ८ जना | जम्मा ५ जना | जम्मा ७ जना | जम्मा ६ जना | जम्मा ५ जना |

प्रकाशक :
राष्ट्रिय चिया तथा कफी बिकास बोर्ड
काठमाण्डौ, नेपाल

मुद्रक : कृषि सञ्चार महाशाखा, हरिहर भवन, ललितपुर
फो.नं.: ५-२२२४८, ५-२२२५८,५-२५६१७